# सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेड
## (प. लि. द. नं. १४८७९६/०७२/७३)

## छैठौं वार्षिक साधारण सभाको निर्णय तथा विवरण पुस्तिका (Minute)

### (क) पृष्ठभूमि

यस सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेडको छैठौं वार्षिक साधारण सभा मिति २०७८ साल पौष १४ (तदनुसार डिसेम्बर २९, २०२१) बुधबारका दिन बिहान ११:०० बजे का. म. न. पा. ४, काठमाडौं स्थित अकामा होटलमा सम्पन्न भएको थियो । वार्षिक साधारण सभाको अध्यक्षता कम्पनीको सञ्चालक समितिका सञ्चालक/अध्यक्ष श्री विनय कुमार श्रेष्ठज्यूले गर्नु भएको थियो । साधारण सभामा अध्यक्षज्यूले आफ्नो मन्तव्य सहित सञ्चालक समितिको तर्फबाट आ. व. ०७७/७८ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो र कम्पनी व्यवस्थापनले यस कम्पनीद्वारा निर्माणाधीन ताप्लेजुङ जिल्लामा अवस्थित ७३ मे.वा. जडित क्षमताको मध्य तमोर जलविद्युत आयोजना निर्माणका सम्बन्धमा हालसम्म भए गरिएका प्रगति र कम्पनीको आर्थिक तथा वित्तीय अवस्थाका सम्बन्धमा पावरप्वाईन्टका माध्यमबाट प्रस्तुतिकरण गरेको थियो । तत्पश्चात साधारण सभामा पेश गरिएका निर्धारित प्रस्ताव उपर छलफल गरी सबै प्रस्तावहरू सर्वसम्मतिले पारित गरियो । साधारण सभा बिहान ११:०० बजेबाट शुरू भई निर्धारित विषयसूची अनुसार छलफल तथा निर्णय गरी दिनको १:३० बजे समापन भएको थियो ।

### (१) सभा सम्बन्धि सूचना

यस कम्पनीको सञ्चालक समितिको मिति २०७८ साल मंसिर १५ (तदनुसार ०१ डिसेम्बर, २०२१) गते बसेको बैठकको निर्णयानुसार आयोजित कम्पनीको यस छैठौं वार्षिक साधारण सभाको जानकारीका लागि कम्पनीको नियमावली बमोजिम कम्पनीका शेयरधनीहरूलाई कम्पनीमा उपलब्ध उहाँहरूको ठेगाना तथा विद्युतीय माध्यम (Email) बाट सभा हुने स्थान, मिति र छलफल गर्ने विषयको जानकारी प्रदान गर्न सूचना पठाइएको थियो । साथै, सोही बमोजिमको सार्वजनिक सुचना मिति २०७८ मंसिर २० गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रथम पटक र २०७८ मंसिर २१ गतेको कारोबार राष्ट्रिय दैनिक पत्रिकामा दोस्रो पटक प्रकाशित गरिएको थियो ।

Sanima Middle Tamor Hydropower Limited
SMTHPL
KATHMANDU

## (२) उपस्थिति :

### (अ) सञ्चालकहरूको उपस्थिति

श्री विनय कुमार श्रेष्ठ — सञ्चालक/अध्यक्ष
(प्रतिनिधि सानिमा हाइड्रोपावर लि.)

डा. श्री सुवर्ण दास श्रेष्ठ — सञ्चालक
(प्रतिनिधि सानिमा माई हाइड्रोपावर लि.)

श्री अपार न्यौपाने — सञ्चालक
(शेयरधनी)

श्रीमती उषा खतिवडा — सञ्चालक
(प्रतिनिधि एन.आर.एन. इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लि.)

### (आ) कम्पनीका पदाधिकारीको उपस्थिति

डा. श्री जुगल भूर्तेल — प्रमुख कार्यकारी अधिकृत

श्री विनोद तिवारी — कम्पनी सचिव

श्री सुवास श्रेष्ठ — वित्त प्रमुख

### (ख) गणपूरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व

| विवरण | कुल संख्या | स्वयम् उपस्थिति | प्रतिनिधि | विद्युतीय माध्यम | जम्मा | उपस्थितिको प्रतिशत |
|---|---|---|---|---|---|---|
| शेयरधनी संख्या | १८२ | ४१ | ३४ | ११ | ८६ | ४७.२५ |
| कम्पनीको शेयर संख्या | २,३३,२७,५०० | १,१७,१८,९८७ | ४४,४५,६४१ | ११,४६,११८ | १,७३,१०,७४६ | ७४.२० |

बिनोद तिवारी

Sanima Middle Tamor Hydropower Limited
SMTHPL
KATHMANDU

### (ग) सभाको वैधानिकता

कम्पनी सचिवले प्रचलित कम्पनी ऐन तथा कम्पनीको नियमावली बमोजिम साधारण सभा सञ्चालन गर्नका लागि निर्दिष्ट गणपूरक संख्या पुगेको जानकारी गराउँदै सभा प्रारम्भ गर्न अनुमति माग्नुभयो । शेयरधनीहरूको सभाद्वारा कम्पनीको वार्षिक साधारण सभाका लागि गणपूरक संख्या पुगेको र सभा रीतपूर्वक बोलाइएको ठहर गरी विधिवत रूपमा साधारण सभाको कामकारवाही अगाडि बढाउने निर्णय गरियो ।

### (घ) छलफलका प्रस्तावहरू

१. छैठौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्त सम्मको वासलात, आ.व. २०७७/७८ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तीय विवरणसँग सम्बद्ध अनुसूचीहरू समेत छलफल गरी पारित गर्ने ।

३. लेखापरीक्षण समितिले सिफारीश गरे बमोजिम आ. व. २०७८/०७९ को लागि लेखापरीक्षकको नियुक्ती गर्ने तथा पारिश्रमिक निर्धारण गर्ने ।

४. एक जना स्वतन्त्र सञ्चालकको नियुक्ति गर्ने ।

५. सञ्चालक समितिद्वारा गठित उपसमितिको बैठक भत्ता निर्धारण गर्ने ।

६. कम्पनीको शेयरको प्रारम्भिक सार्वजनिक निष्काशन **(Initial Public Offering-IPO)** गर्ने तथा यस कार्यका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

७. कम्पनीको शेयरको प्रारम्भिक सार्वजनिक निष्काशन **(IPO)** बाट प्राप्त हुने कूल रकमको उपयोग सम्बन्धी वित्तीय योजना तथा रणनीति निर्धारण गर्ने ।

८. विविध ।

### (ङ) सभाको सञ्चालन तथा प्रतिवेदनको प्रस्तुति

कम्पनी सचिवले निर्धारित विषयसूची अनुसार साधारण सभाको कार्यक्रम सञ्चालन गर्न अनुमति लिई अध्यक्षज्यूलाई मन्तव्य सहित सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुरोध गर्नुभयो ।

कम्पनीको वार्षिक प्रतिवेदन पेश भए पश्चात यस कम्पनीद्वारा निर्माणाधीन मध्य तमोर जलविद्युत आयोजना (७३ मे. वा.) को हालसम्मको निर्माण प्रगति र कम्पनीको आर्थिक तथा वित्तीय अवस्थाका सम्बन्धमा शेयरधनीहरूको जानकारीका लागि कम्पनी व्यवस्थापनद्वारा पावर प्वाइन्टको माध्यमबाट

Sanima Middle Tamor Hydropower Limited
SMTHPL
KATHMANDU

प्रस्तुतिकरण गरियो । उक्त प्रस्तुतिकरण मार्फत हालसम्म आयोजनाको भौतिक प्रगति करिब ५७ प्रतिशत सम्पन्न भएको व्यहोरा सभामा जानकारी गराईयो ।

## (च) छलफल तथा निर्णयहरू :

कम्पनीको यस छैठौं वार्षिक साधारण सभामा पेश गरिएका प्रस्ताव उपर निम्नानुसार छलफल भई सभाको सर्वसम्मतिबाट सबै प्रस्तावहरू पारित गरियो ।

**प्रस्तावहरूः**

**१. छैठौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।**

प्रस्ताव नं. १ का सम्बन्धमा छलफल हुँदा, सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा आ. व. ०७७/७८ को वार्षिक प्रतिवेदन तथा सो सम्बन्धि प्रस्ताव वार्षिक साधारण सभामा प्रस्तुत गर्नु भयो । उक्त प्रस्तावलाई सभाद्वारा सर्वसम्मतिले पारित गरियो ।

**२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्त सम्मको वासलात, आ. व. २०७७/७८ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तीय विवरणसँग सम्बद्ध अनुसूचीहरू समेत छलफल गरी पारित गर्ने ।**

प्रस्ताव नं. २ का सम्बन्धमा छलफल हुँदा, कम्पनीको २०७८ साल आषाढ मसान्तसम्मको वासलात, वार्षिक नाफा नोक्सानको हिसाब र नगद प्रवाहको विवरणका साथै आ. व. ०७७/७८ को लेखापरीक्षकको प्रतिवेदन साधारण सभाको विषय सूचीसँगै शेयरधनीहरूलाई उपलब्ध गराइएको थियो । उक्त वासलात तथा नाफा नोक्सान हिसाब सहितको आ. व. ०७७/७८ को वार्षिक आर्थिक विवरण तथा तत् सम्बन्धी अनुसूचीहरू स्वीकृतिको लागि सभा समक्ष प्रस्ताव गरिएकोमा सभाको सर्वसम्मतिबाट उक्त आर्थिक प्रतिवेदनहरू पारित गरियो ।

**३. लेखापरीक्षण समितिले सिफारीश गरे बमोजिम आ. व. २०७८/०७९ को लागि लेखापरीक्षकको नियुक्ती गर्ने तथा पारिश्रमिक निर्धारण गर्ने ।**

प्रस्ताव नं. ३ का सम्बन्धमा छलफल हुँदा, यस कम्पनीको आ. व. ०७८/७९ को हिसाब किताब लेखापरीक्षण गर्नका लागि लेखापरीक्षक संस्था **S.A.R. Associates, Chartered Accountants** नियुक्तिका लागि योग्य रहेको हुँदा लेखापरीक्षण समितिको सिफारिश बमोजिम उक्त लेखापरीक्षक संस्थालाई नियुक्त गर्ने र लेखापरीक्षण बापतको पारिश्रमिक मूल्य अभिवृद्धि कर बाहेक रू. १,१०,०००/-(अक्षरेपी एक लाख दश हजार रूपैंया मात्र) निर्धारण गर्ने सर्वसम्मत निर्णय गरियो ।

Sanima Middle Tamor Hydropower Limited
SMTHPL
KATHMANDU

**४. एक जना स्वतन्त्र सञ्चालकको नियुक्ति गर्ने ।**

प्रस्ताव नं. ४ का सम्बन्धमा छलफल हुँदा, प्रचलित कम्पनी ऐन, २०६३ को दफा ८६ (३) तथा कम्पनीको नियमावलीको दफा २९ को व्यवस्था बमोजिम १ (एक) जना स्वतन्त्र सञ्चालक नियुक्ति गर्नु पर्ने व्यवस्था अन्तर्गत यस कम्पनीको सञ्चालक समितिको मिति २०७८/०८/१५ गतेको बैठकबाट सिफारिश भई आएको तपशिलमा उल्लेखित नामावलीमध्ये सम्बन्धित क्षेत्रमा प्राप्त गरेको योग्यता र कार्य अनुभवको मूल्याङ्कनका आधारमा श्री ब्रज भूषण चौधरीज्यूलाई आगामी ४ (चार) वर्षको कार्यकालका लागि यस कम्पनीको स्वतन्त्र सञ्चालकमा नियुक्ति गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**तपशिल**

**स्वतन्त्र सञ्चालक नियुक्तिको लागि सिफारिस गरिएको नामावली**

| क्र. सं. | व्यक्तिको नाम र ठेगाना | योग्यता | अनुभव |
|---|---|---|---|
| १. | ई. श्री ब्रज भूषण चौधरी ठेगानाः डाम्ही-२, महोत्तरी । | स्नातक (ईलेक्ट्रिकल ईन्जिनियरिङ्) | सम्बन्धित क्षेत्रमा ३० वर्ष भन्दा बढीको अनुभव |
| २. | ई. श्री राजिव शर्मा ठेगानाःका.म.न.पा.-१४, काठमाण्डौ । | स्नातक (ईन्डष्ट्रियल ईन्जिनियरिङ्) | सम्बन्धित क्षेत्रमा २० वर्षको अनुभव |
| ३. | ई. श्री सुवास चन्द्र सुनुवार ठेगानाः हाल पुष्पमल्ल गल्ली, भिमसेनगोला, काठमाण्डौ । | एम.एस.सी. (ईन्जिनियरिङ् जियोलोजी) | सम्बन्धित क्षेत्रमा करिब २५ वर्षको अनुभव |

**५. सञ्चालक समितिद्वारा गठित उपसमितिको बैठक भत्ता निर्धारण गर्ने ।**

प्रस्ताव नं. ५ का सम्बन्धमा छलफल हुँदा, यस कम्पनीको लेखापरीक्षण समिति लगायत अन्य उपसमितिहरूमा प्रतिनिधित्व गर्ने सञ्चालकहरूका लागि उपलब्ध गराउने बैठक भत्ता वापतको रकम हाल सञ्चालक समितिको बैठक भत्ता बराबर प्रति सञ्चालक प्रति बैठक आयकर सहित रू. ५,०००।- (अक्षरेपी पाचँ हजार रूपैयाँ मात्र) का दरले उपलब्ध गराउन सञ्चालक समितिबाट भएको सिफारिश बमोजिमको प्रस्ताव सभाको सर्वसम्मतिले पारित गरियो ।

**६. कम्पनीको शेयरको प्रारम्भिक सार्वजनिक निष्काशन (Initial Public Offering-IPO) गर्ने तथा यस कार्यका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।**

प्रस्ताव नं. ६ का सम्बन्धमा छलफल हुँदा, विद्युत आयोजना प्रवर्द्धक कम्पनीको शेयरको प्रारम्भिक सार्वजनिक निष्काशन (Initial Public Offering – IPO) का लागि प्रचलित कानुन बमोजिम तोकिएका शर्तहरू यस कम्पनीले पूरा गरी सकेको हुँदा, यस कम्पनीको प्रबन्धपत्रमा भएको व्यवस्था अनुरूप सर्वसाधारण समुह "ख" लाई छुट्याईएको कूल जारी पूँजी मध्येको ३० प्रतिशतले हुने रकम तपशिल बमोजिमको रू. ९९,९७,५०,०००/- (अक्षरेपी उनान्सय करोड सन्तानब्बे लाख पचास हजार रूपैया मात्र) को प्रति शेयर १००/- का दरले हुने जम्मा ९९,९७,५०० (उनान्सय लाख सन्तानब्बे

Sanima Middle Tamor Hydropower Limited SMTHPL KATHMANDU

हजार पाँच सय मात्र) कित्ता शेयरको प्रारम्भिक सार्वजनिक निष्काशन गर्ने सम्बन्धी प्रस्ताव साधारण सभाको सर्वसम्मतिबाट पारित गरियो । यसै गरी कम्पनीको मध्य तमोर जलविद्युत आयोजनाको प्रभावित क्षेत्रका बासिन्दाहरू, सर्वसाधारण तथा कम्पनी/आयोजनाका कर्मचारीहरूका लागि छुट्याईएको उल्लिखित शेयरको सार्वजनिक निष्काशनका सम्बन्धमा उचित मापदण्ड तथा प्रक्रियाहरू निर्धारण गरी निष्काशन, बिक्रि तथा बाँडफाँड सम्बन्धी आवश्यक सम्पूर्ण कानूनी प्रक्रियागत कार्यहरू सम्पन्न गर्ने, गराउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव समेत सभाको सर्वसम्मतिबाट पारित गरियो ।

<u>तपशिल</u>

कम्पनीको कूल जारी पूँजी रू. ३,३३,२५,००,०००/- (अक्षरेपी तीन अर्ब तेत्तीस करोड पच्चीस लाख मात्र) मध्येको सर्वसाधारण समुह "ख" अर्न्तगत छुट्याईएको ३० प्रतिशतले हुने जम्मा रकम रू. ९९,९७,५०,०००/-(अक्षरेपी उनान्सय करोड सन्तानब्बे लाख पचास हजार रूपैंया मात्र) को प्रति शेयर रू. १००/- दरका ९९,९७,५०० (उनान्सय लाख सन्तानब्बे हजार पाँच सय मात्र) कित्ता शेयरको विवरण यस प्रकार रहेको छ :

| क्र.सं. | शेयर प्राप्त गर्ने व्यक्तिहरू | शेयर संख्या | शेयर रकम | जारी पूँजी मध्येको |
|---|---|---|---|---|
| १ | आयोजना प्रभावित क्षेत्रका बासिन्दा | ३३,३२,५०० कित्ता | रू. ३३,३२,५०,०००/- | १० प्रतिशत |
| २ | सर्वसाधारण | ४९,९८,७५० कित्ता | रू. ४९,९८,७५,०००/- | १५ प्रतिशत |
| ३ | कम्पनी/आयोजनाका कामदार, कर्मचारी | १६,६६,२५० कित्ता | रू. १६,६६,२५,०००/- | ५ प्रतिशत |
| | **जम्मा** | **९९,९७,५०० कित्ता** | **रू. ९९,९७,५०,०००/-** | **३० प्रतिशत** |

**७. कम्पनीको शेयरको प्रारम्भिक सार्वजनिक निष्काशन (IPO) बाट प्राप्त हुने कूल रकमको उपयोग सम्बन्धी वित्तीय योजना तथा रणनीति निर्धारण गर्ने ।**

प्रस्ताव नं. ७ का सम्बन्धमा छलफल हुँदा, सर्वसाधारण समुह "ख" अर्न्तगत छुट्याईएको यस कम्पनीको जारी पुँजी मध्येको ३० प्रतिशत शेयर प्रारम्भिक सार्वजनिक निष्काशन (Initial Public Offering – IPO) मार्फत बिक्री तथा बाँडफाँड गरी प्राप्त हुने जम्मा रकम रू. ९९,९७,५०,०००/- (अक्षरेपी उनान्न सय करोड सन्तान्नब्बे लाख पचास हजार मात्र) पुँजीलाई कम्पनीद्वारा हाल निर्माणाधीन ७३ मे. वा. जडित क्षमताको "मध्य तमोर जलविद्युत आयोजना" को निर्माण लागत मध्येको स्वपुँजी लगानी अन्तर्गत खर्च गरिने योजना तथा रणनीति तय गरी, उल्लिखित वित्तीय योजना तथा रणनीतिलाई यसै सभाको सर्वसम्मतिबाट पारित गरियो ।

Sanima Middle Tamor Hydropower Limited SMTHPL KATHMANDU

८. विविध ।

**विविध अर्न्तगत निम्नानुसार छलफल तथा निर्णय गरियो :**

यस कम्पनीको पाँचौ वार्षिक साधारण सभाबाट नियुक्त सञ्चालक डा. विश्वनाथ पौडेलज्यूले दिनु भएको राजिनामा सञ्चालक समितिबाट मिति २०७८/०४/१९ मा स्वीकृत भएको हुँदा, यसरी रिक्त हुन आएको सञ्चालक पदमा सञ्चालक समितिले प्रचलित कम्पनी ऐन तथा यस कम्पनीको नियमावली बमोजिम बाँकी कार्यकालका लागि शेयरधनी श्री अपार न्यौपानेज्यूलाई नियुक्त गरिएको कार्यलाई यसै सभाबाट अनुमोदन गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गरीयो ।

**(छ)** साधारण सभाको निर्धारित विषयसूची अनुसार छलफल तथा निर्णयहरू भएको हुँदा कम्पनी सचिवले सभा अध्यक्षज्यूलाई यस वार्षिक साधारण सभा अन्त्य भएको घोषणा गर्दै सभा विर्सजन गर्नको लागि अनुरोध गर्नु भयो ।

## (ज) धन्यवाद र सभा विसर्जन

सभा अध्यक्षज्यूले यस कम्पनीको छैठौं वार्षिक साधारण सभामा सहभागी भई सभालाई सुचारू रूपमा सम्पन्न गर्न, गराउन सहयोग पुर्‍याउनु भएकोमा सम्पूर्ण शेयरधनीहरू, सञ्चालक समितिका सहकर्मी सदस्यहरू, व्यवस्थापन तथा कर्मचारीहरू र कम्पनीको प्रगतिमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग गर्ने अन्य सम्बद्ध सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

अध्यक्षज्यूले शेयरधनीहरूले सञ्चालक समितिप्रति देखाएको विश्वास र सद्भावको निमित्त कृतज्ञता ज्ञापन गर्नु भयो र यस छैठौं वार्षिक साधारण सभा विसर्जन भएको घोषणा गर्नु भयो ।

| | | |
|---|---|---|
| ........................ | Sanima Middle Tamor Hydropower Limited SMTHPL KATHMANDU | ........................ |
| श्री विनय कुमार श्रेष्ठ | | बिनोद तिवारी |
| सञ्चालक/अध्यक्ष | | कम्पनी सचिव |